# स्वर्गद्धारी नगरपालिकाको

# नगर शिक्षा ऐन

# २०७९

## स्वर्गद्वारी नगरपालिकाको नगरसभाद्वारा मिति २०७९।०९।२९ गते स्वीकृत

# शिक्षा ऐन

प्रस्तावना : प्रत्येक नागरिकमा नैतिकता, सदाचार, सहिष्णुता र मानवीय मुल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास मुलुकको समृद्धि र जनहितका लागि स्थानीय राष्ट्रिय र विश्वव्यापी आवस्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न माध्यमिक तहसम्मको शिक्षामा पहुंचको सुनिश्चितता गर्दै स्थापना हुने तथा स्थापना भई संचालन भईरहेको विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षा तथा जिवनोपयोगी सिपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्वर्गद्वारी नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

- यस ऐनको नाम “स्वर्गद्वारी नगरपालिका, शिक्षा ऐन २०७९” रहेको छ ।
- यो ऐन स्वर्गद्वारी नगरपालिका भर लागु हुनेछ ।
- यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

- “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक वाल शिक्षादेखि कक्षा ८ सम्म दिईने शिक्षा सम्फनु पर्छ ।
- “प्रारम्भिक वालविकास केन्द्र” भन्नाले चार वर्ष उमेर पुरा गरेका वालवालिकालाई दिईने एक वर्षको शिक्षा भन्ने सम्फनु पर्छ ।
- “माध्यमिक शिक्षा” भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिईने शिक्षा सम्फनु पर्छ ।
- “धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलि आएका गुरुकुल वा आश्रम, मदरसा र गुम्बा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँछ ।
- “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, वहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालवालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्फनु पर्छ ।
- “समावेशी शिक्षा” भन्नाले देहायको संफनुपर्छ :
  क.दृष्टिविहीन, न्युन दृष्टियुक्त, वहिरा, सुस्त श्रवण, बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएका वालवालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,
  ख. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।
- “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्वर्गद्वारी नगरपालिकावाट नियमित रुपमा अनुदान पाउने गरी स्वर्गद्वारी नगरपालिकावाट अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्फनु पर्छ ।

- “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्वर्गद्वारी नगरपालिकावाट नियमित रुपमा अनुदान नपाउने गरी स्वर्गद्वारी नगरपालिकावाट अनुमति वा स्वीकृति प्राप्त विद्यालय लाई सम्झनु पर्छ ।
- “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।
- “परिषद् भन्नाले ” दफा ७ ‘क’ वमोजिम गठित नगर शिक्षा परिषद् सम्झनु पर्छ ।
- “विद्यालय ”भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।
- “शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउनेछ ।
- “आयोग, सचिवालय, अध्यक्ष र सदस्य” भन्नाले संघीय कानुन वमोजिम गठित शिक्षा आयोग, आयोगको सचिवालय, आयोगको अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ ।
- “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाईएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको वावु, आमा, वाजे, वज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउने छ ।
- “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।
- “स्वीकृति ”भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।
- “अनुमति” भन्नाले नेपाल सरकार वा स्वर्गद्वारी नगरपालिकाले कुनै ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।
- “शिक्षा समिति” भन्नाले स्वर्गद्वारी नगर शिक्षा समिति सम्झनु पर्छ ।
- “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ ।
- “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति, बढुवा आदिको सिफारिश गर्ने आयोग सम्झनु पर्छ ।
- “शिक्षा युवा तथा खेलकुद शाखा ”भन्नाले स्वर्गद्वारी नगरपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।
- “मन्त्रालय” भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।
- “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सिप र विषयवस्तुमा आधारित प्रविधि व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा ९ देखि १२ तथा कक्षा १० पश्चात् प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (**CTEVT)** द्वारा प्रदान गरिने ३ वर्षे डिप्लोमा, १८ महिने प्रि डिप्लोमा सम्झनु पर्छ ।
- “तोकिएको वा तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

- "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।
- "स्थायी आवासीय अनुमति" भन्नाले कुनै विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोवास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी, इमिग्रेन्ट भिसा (डि.भी) परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर)वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपममा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।
- "शिक्षक छनौट समिति" भन्नाले स्वीकृत दरवन्दी, अनुदान र राहत कोटामा अस्थायी वा करारमा शिक्षक नियुक्तिको सिफारिस गर्न तोकिए बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्छ ।
- "शिक्षा शाखा प्रमुख" भन्नाले स्वर्गद्वारी नगरपालिका अर्न्तगतको शिक्षा यूवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्छ ।

३. विद्यालय खोल्न अनुमति लिनु पर्ने

१. यस स्वर्गद्वारी नगरपालिका भित्रको कुनै नागरिक समूह वा समुदायले सामुदायिक, संस्थागत वा शैक्षिक गुठी अन्तर्गतको विद्यालय खोल्न वा खोलिएका विद्यालयमा कक्षा थप गर्न, तह वृद्धि गर्न वा पुर्व प्राथमिक विद्यालय खोल्न चाहेमा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्ने छ ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिका वा तोकिएको अधिकारीले स्थलगत अध्ययन र आवश्यक जाँचबुझ गरी प्रतिवेदनउपर नगर शिक्षा समितिको निर्णय अनुसार तोकिएको अधिकारीले तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिन सक्ने छ ।

३. उपदफा (२) वमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा नगरपालिका वा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्ने छ ।

४. यो दफा प्रारम्भ हुँदा वखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५. उपदफा (४) वमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचवुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिइने छ ।

६. उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ।

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय ।

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएको सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

**७. संघिय वा प्रादेशिक कानुनमा अन्य व्यवस्था भएको वाहेक यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय वमोजिम गर्नुपर्नेछ ।**

**क. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने ।**

**ख. शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक वोर्डमा सार्वजनिक गुठी भए कम्तिमा ५ जना र निजी गुठी भए कम्तिमा ३ जना सदस्य हुनुपर्ने ।**

**ग. शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए वमोजिम खडागरी मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराउनुपर्ने ।**

**घ. शैक्षिक गुठी तत्काल कायम रहेका गुठीका सञ्चालकले आफ्नो जीवनकालमै वा शेष पछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनुपर्ने ।**

**ङ. कुनै सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी आश्रम, गुरुकुलम आदि विधालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।**

**च. उपदफा (ङ) वमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए वमोजिम हुनेछन् ।**

**८. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन अनुमति र नियमन तोकिए वमोजिम हुनेछ ।**

**९. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्वन्धी व्यवस्था दफा ३ को उपदफा १ र २ वमोजिम नै हुनेछ ।**

**१०. माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि संघीय कानुन अनुसार कुनै विदेशी शिक्षण संस्था सँग सम्वन्धन गर्नेगरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन संघीय कानुन वमोजिम हुनेछ ।**

## ४ विद्यालयको सञ्चालन

विद्यालयको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

## ५. माध्यमिक शिक्षाका प्रकार

माध्यमिक शिक्षाको प्रकार देहायका वमोजिम हुनेछन् ।

क) साधारण माध्यमिक विद्यालय

ख) संस्कृत माध्यमिक विद्यालय

ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक विद्यालय

## ६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्था

१) नगरपालिकाले आवश्यक पुर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।
३) दूर शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।
४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि दृष्टिविहीन, न्यून दृष्टिविहीन, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, वौद्धिक अपाङ्गता भएका बालवालिकाहरुका लागि पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षण सिकाई र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।
५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

**७) शिक्षाको माध्यम**

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषामा हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय वमोजिम हुन सक्नेछ ।

क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।
ख) गैर नेपाली नागरिकले नगरपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।
ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुन सक्नेछ ।
घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

## ८) विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक र पाठ्यसामाग्री

१) यस स्वर्गद्धारी नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे वमोजिम हुनेछ ।
२) नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्न सक्नेछ ।
३) पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ९) विद्यालयको वर्गिकरण

विद्यालयलाई तोकिएको आधारमा वर्गिकरण गरिने छ ।

**१०) सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने**

नगरपालिकाले समुदायमा साक्षरता, सिप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**११) प्रारम्भिक वाल शिक्षा सम्वन्धी व्यवस्था**

प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**१२) परीक्षाको सञ्चालन र व्यवस्थापन**

१) माध्यमिक शिक्षा परिक्षा

क. माध्यमिक शिक्षा परीक्षा संघीय शिक्षा ऐन र प्रदेश कानुन वमोजिम हुनेछ ।

ख. माध्यमिक शिक्षा परीक्षा सम्वन्धी अन्य व्यवस्था संघीय र प्रादेशिक कानुनले तोकिए वमोजिम हुनेछ ।

२) प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा

क) प्राथमिक शिक्षा उत्तीर्ण परीक्षा र आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र व्यवस्थापन तोकिए वमाजोम हुनेछ ।

ख) उपदफा २(क) वमोजिमको परिक्षा नगरपालिका स्तरमा सञ्चालन हुनेछ । उक्त परिक्षा सञ्चालनको लागि एक परीक्षा समिति रहनेछ ।

ग) स्वर्गद्वारी नगरपालिकाका विद्यालयहरुमा परीक्षा सञ्चालनसंग सम्वन्धित अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

४) परीक्षा सञ्चालन समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए वमोजिम हुनेछ ।

**१३) नगर शिक्षा समितिको गठन**

१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको एक नगर शिक्षा समिति रहनेछ ।

क) नगरपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति – अध्यक्ष

ख) नगर उपप्रमुख – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति – सदस्य

घ) सामाजिक विकास समितिको संयोजक – सदस्य

ङ) नगरपालिकाले तोकेको वा नगर कार्यपालिकाको सदस्यहरु मध्येबाट कम्तिमा एकजना महिला सहित ३ जना – सदस्य

छ) नगरपालिकाको क्षेत्रभित्र रहेका विद्यालयकाहरुको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

ज) नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको कम्तिमा एकजना महिला सहित २ जना – सदस्य

झ) स्थानीय समाजसेवीहरु वा शिक्षाप्रेमीहरु मध्ये नगर शिक्षा समितिबाट मनोनित कम्तीमा एकजना दलित/महिला/अपाङ्ग सहित ५ जना – सदस्य

ञ) शिक्षण संस्था, गुठि वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन/नविकरण हुने गरी नगर शिक्षा समितिले मनोनयन गरेको १ जना – सदस्य

ट) नगर क्षेत्रभित्र कार्यरत विद्यालय निरिक्षक तथा श्रोत व्यक्ति/उच्चतम तहमा अध्यापनरत शिक्षक/प्राध्यापक १ जना – सदस्य

ठ) नेपाल शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना –सदस्य

ड) शिक्षा अधिकृत वा शिक्षा शाखा हेर्ने शाखा प्रमुख – सदस्य सचिव

२) उपदफा १ वमोजिम मनोनित सदस्यहरुको पदावधि जनप्रतिनिधीको एक कार्यकालको हुनेछ । सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत हटाउन सक्नेछ । तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट बञ्चित गरिने छैन ।

**१४) नगर शिक्षा समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।**

**१५) वडा शिक्षा समिति**

१) वडा क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक वडामा देहाय वमोजिमको एक वडा शिक्षा समिति रहनेछ ।

क) सम्वन्धित वडाको वडा अध्यक्ष – अध्यक्ष

ख) वडा समितिवाट तोकिएको वडा समितिको सदस्यहरु मध्येवाट एकजना महिला – सदस्य

ग) वडा भित्रका माध्यमिक विद्यालय र माध्यमिक विद्यालय नभएको ठाँउमा आधारभूत विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष मध्येवाट वडा समितिले तोकेको एकजना – सदस्य

घ) वडा भित्रका शिक्षाविद् वा शिक्षाप्रेमीहरु मध्येवाट समितिले तोकेको एकजना – सदस्य

ङ) वडा भित्रका विद्यालयका शिक्षकहरुमध्येवाट एकजना प्रधानाध्यापक र एकजना महिला शिक्षक गरी जम्मा दुईजना – सदस्य

च) सम्वन्धित वडाको वडा सचिव – सदस्य सचिव

छ) सम्वन्धित वडा क्षेत्र भित्रका वालक्लवहरुवाट एकजना छात्र र एकजना छात्रा सहित दुईजना अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

ज) सम्वन्धित वडा क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।
झ) वडा क्षेत्रभित्रका अपाङ्ग व्यक्तिहरु मध्येवाट एकजना आमन्त्रण गर्न सकिनेछ ।
२) उपदफा १ वमोजिम मनोनित सदस्यको पदावधि जनप्रतिनिधिको एक कार्यकाल रहनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनित गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै वखत हटाउन सक्नेछ तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका वाट वञ्चित गरिने छैन ।
३) वडा शिक्षा समितिको काम कर्तव्य अधिकार तथा बैठक सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

**१६) विद्यालय व्यवस्थापन समिति**

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायको सदस्य रहने गरी एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।
क) अभिभावकहरुले आफुहरु मध्येवाट छानी पठाएको दुईजना महिला सहित चारजना – सदस्य
ख) विद्यालय रहेको नगरपालिकाको सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्यहरु मध्येवाट एकजना – सदस्य
ग) विद्यालयका संस्थापक, स्थानीय वुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखी सहयोग गर्ने वा विद्यालयलाई पाँच लाख वा सो भन्दा वढी नगद वा जिन्सी सहयोग गरेको व्यक्तिहरुमध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित २ जना – सदस्य
घ) विद्यालयका शिक्षकले आफुहरु मध्येवाट छानी पठाएको शिक्षक एकजना –सदस्य
ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव
२. विद्यालयमा सञ्चालित वाल क्लव/बिद्यार्थीहरुमध्येबाट एकजना छात्र र एकजना छात्रालाई आमन्त्रित गर्न सकिनेछ ।
३. शिक्षक अभिभावक संघका अध्यक्षलाई आमन्त्रीत गर्न सकिनेछ ।
४. प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य संघ र घरेलु तथा साना उद्योग महासंघका एकजना प्रतिनिधि रहने छन् ।
५. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।
६. विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्ग भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।
७. सम्वन्धित विद्यालयको निरिक्षक र श्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रीत गरिनेछ ।
८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।
क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येवाट विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले मनोनीत गरेको व्यक्ति – अध्यक्ष
ख) अभिभावक हरु मध्येवाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको दुईजना – सदस्य
ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवी मध्येवाट वडा शिक्षा समितिले मनोनीत गरेको एकजना – सदस्य

घ) सम्वन्धित विद्यालयका शिक्षकहरुले आफुहरु मध्येवाट छानी पठाएको एकजना – सदस्य
ङ) सम्वन्धित क्षेत्रको निरिक्षक/स्रोत व्यक्ति – सदस्य
च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव
९. उपदफा (१) र (८) वमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी मनोनयन गर्ने अभिभावक पदाधिकारी वा निकाएले निजलाई जुनसुकै वेला पदवाट हटाउन सक्ने छ । तर त्यसरी पदवाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।
१०. उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिइएको वा विशेष उद्देश्यवाट सञ्चालित वा विशेष शिक्षा सञ्चालन गर्ने कुनै संस्थागत हुन आवश्यक देखिएमा नगर कार्यपालिकाले त्यसको कारण खुलाइ आफैले गर्न सक्नेछ ।
११. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ ।
क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगा**उने र** सुरक्षा गर्ने ।
ग) विद्यालयको शैक्षिक, भैतिक तथा आर्थिक तथ्याङ्क विवरण अद्यावधिक गराइ राख्ने ।
घ) विद्यालयको वार्षीक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समिति र नगरपालिकालाई दिने ।
ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिन ।
च) नगरपालिकावाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने ।
छ) नगरपालिकाले तोकेको लेखापरीक्षकवाट विद्यालयको बार्षिक लेखा परिक्षण गराउने ।
ज) लेखा परीक्षणको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।
झ) नगर शिक्षा समिति र नगरपालिकाले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने ।
ञ) आफैले नियूक्त वा वढुवा गरेको शिक्षकहरुको लागि तोकिए वमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।
ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्वन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।
१२) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार देहाय वमोजिम हुनेछ ।
क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।
ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने ।
ग) विद्यालयको चल, अचल, सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।
घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने ।
ङ) संघीय सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा नगरकार्यपालिकाको सहमति सहित राष्ट्रिय पाठ्यक्रमको स्वीकृति लिने ।
च) आयोगवाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन वमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने ।
छ) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकिदिएको तलव स्केलमा नघटाई शिक्षकलाई तलव दिने ।
ज) अनुशासनहीन शिक्षकउपर कारवाही गर्ने ।

झ) शैक्षिक गुठी अन्तर्गतका सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।
१३) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र वैठक सम्वन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

**१७) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने**

१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सो को कारण खुलाई नगर शिक्षा समितिको सीफारिसमा त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मानसिव मौका दिनु पर्नेछ ।
२) उपदफा १ वमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**१८) शिक्षक अभिभावक संघ**

विद्यालयका शिक्षक अभिभावकहरु विच सहकार्य, सामाजिक परीक्षण गरी व्यवस्थापनमा सहयोग तथा शैक्षिक गुणस्तर सम्वन्धी आवश्यक कार्य गर्नका लागि प्रत्येक विद्यालयमा एउटा शिक्षक अभिभावक संघ रहनेछ । त्यसको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**१९) नगर शिक्षा विकास कोष**

१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।
२) उपदफा १ वमोजिमको कोषमा देहायका रकमहरु हुनेछन् ।
क) संघीय सरकारवाट प्राप्त अनुदान,
ख) प्रदेश सरकारवाट प्राप्त अनुदान,
ग) जिल्ला समन्वय समितिवाट प्राप्त अनुदान,
घ) नगर सभावाट विनियोजित शिक्षामा दिइने अनुदान,
ङ) शिक्षा करवाट उठेको रकम,
च) शिक्षा विकास तथा समन्वय इकाईवाट प्राप्त अनुदान,
छ) संस्थागत विद्यालयवाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कुल आम्दानीको तोकिए वमोजीम रकम,
ज) चन्दा दानदातव्यवाट प्राप्त रकम,
झ) अन्य संघसस्थावाट प्राप्त रकम,
ञ) अन्य श्रोतवाट प्राप्त रकम ।
३) नगर शिक्षा विकास कोषको गठन, काम, कर्तव्य, अधिकार तोकिए वमोजिम हुनेछ ।
२०) विद्यालयको कोष
१) प्रत्येक विद्यालयमा एउटा कोष हुनेछ । जसमा देहायका रकमहरु हुनेछन् ।
क) संघीय सरकारवाट प्राप्त अनुदान,
ख) प्रदेश सरकारवाट प्राप्त अनुदान,
ग) जिल्ला समन्वय समितिवाट प्राप्त अनुदान,
घ) नगरपालिकावाट प्राप्त अनुदान,
ङ) चन्दा दाता वा दान दातव्यवाट प्राप्त रकम,
च) विभिन्न संघ संस्थावाट प्राप्त रकम,
छ) अभिभावक सहयोगवाट प्राप्त रकम,
ज) अन्य स्रोतवाट प्राप्त रकम ।

२) उपदफा १ वमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तोकिए वमोजिम हुनेछ ।

**२१) अध्यापन अनुमति पत्र**

अध्यापन अनुमतिपत्र सम्वन्धी व्यवस्था संघीय कानुनले निर्धारण गरेवमोजिम हुनेछ ।

**२२) अनुदान दिन सक्ने**

नगरसभाको निर्णय अनुसार नगर भित्रको विद्यालयलाई अनुदान दिन सक्नेछ ।

१) संघीय सरकार/प्रदेश सरकारवाट नियमित रुपमा प्राप्त तोकिए वमोजिमको अनुदान ।

२) नगर सभावाट विनियोजित अनुदान ।

**२३) अनुदान कटौती नगरिने**

नगरपालिकाले यो ऐन हुदाका वखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकम कटौती गर्ने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिदै आएको अनुदान रकममा तोकिए वमोजिम कटौती गर्न सकिनेछ ।

**२४) छात्रवृत्तिको व्यवस्था गर्न सक्ने**

नगर कार्यपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विधार्थीलाई तोकिए वमोजिमको छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**२५) प्रारम्भिक वाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्ने**

नगर कार्यपालिकाले वडा समितिको सहयोगमा खोलिएको शिशु विकास/ प्रारम्भिक वाल शिक्षा केन्द्रलाई तोकिए वमोजिमको अनुदान दिन सक्नेछ ।

**२६) निर्देशन दिन सक्ने**

१) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

२) उपदफा १ वमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२७) नगरपालिकाले विद्यालय/वालविकास सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा वन्द गर्न सक्ने**

नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानवाट अर्को स्थानमा सार्न वा दुई भन्दा वढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय थप गरी सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**२८) विद्यालयको सम्पत्ति**

१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

२) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन वमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालय, सामुदायिक वाल विकास केन्द्र, नगरपालिका अन्तर्गतको कुनै कार्यालय सामुदायिक सिकाइ केन्द्र, संग्रहालय, सिप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्नेछ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानुन वमोजिम वेचविखन गरी प्राप्त भएको रकम नगर शिक्षा कोषमा जम्मा गर्न सक्नेछ ।

३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

४) कम्पनी वा सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ सस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थावाट चलअचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः नगरपालिकाको हुनेछ ।

६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति वेगर वेचविखन गर्न पाइने छैन ।

**२९) विद्यालयलाई छुट र सुविधा**

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

**३०) अनुमति वा स्वीकृति रद्द हुने**

कुनै संस्थागत विद्यालयको दफा ३ को उपदफा ४ वमोजिमको अवधिभित्र विवरण नदिएमा वा यो ऐन वा यस ऐन अन्तरगत वनेको नियम विपरित अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्वन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

**३१) विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्ने**

१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

२) विद्यालयलाई शान्ति क्षेत्रको रुपमा घोषणा गरी बन्द हड्तालको वेला विद्यालय बन्द गर्न पाइने छैन ।

३) उपदफा १ वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३२) शुल्क सम्वन्धी व्यवस्था**

१) संघीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

क) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान दातव्य उपहार चन्दा वा सहयोग लिन सकिनेछ ।

ख) सबै वालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय सरकारले आवश्यक व्यवस्था गरे वमोजिम हुनेछ ।

ग) दृष्टिविहीन वालवालिकालाई ब्रेललिपि तथा वहिरा वा स्वर वा वोलाइ सम्वन्धी अपाङ्गता भएका वालवालिकालाई साङ्केतिक भाषाको माध्यमवाट निःशुल्क शिक्षा प्रदानको व्यवस्था गरिनेछ ।

२) उपदफा १ वमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा वाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसके पछि पुनः सोहि विद्यालयको अर्को कक्षामा भर्ना लिनको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४) संस्थागत विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने शुल्क तोकिएको अधिकारीवाट स्वीकृति गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्वन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।
६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसंग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्वन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।
७) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले २५ हजार रुपैँयासम्म जरिवाना गर्न सक्नेछ ।

**३३) नेपाल शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था**

१) सामूदायिक विद्यालयहरुका शिक्षकहरुको पेशागत हक हितका सम्वन्धमा कार्य गर्न एक शिक्षक महासंघ रहनेछ ।
२) शिक्षक महासंघ नगरस्तरमा गठन गरिनेछ ।
३) शिक्षक महासंघको निर्वाचन तोकिए वमोजिम हुनेछ ।

**३४) स्थायी आवासीय अनुमति लिन नहुने**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवालाई अयोग्य ठहरिने गरि सेवावाट वर्खास्त गर्न सकिनेछ ।
१. यस सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**३५. शैक्षिक योग्यता**

विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए वमोजिम हुनेछ ।

**३६. शिक्षकको सरुवा :**

१. सरुवा हुन चाहने शिक्षकले तोकिए वमोजिमको फारम भरी दुवै तर्फको विद्यालयको सहमति र अनुमति सहित नगर शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।
२. उपदफा १ वमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखा प्रमुखले नगर शिक्षा समितिको अध्यक्षको अनुमतिमा दरवन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवाको सिफारिस गर्न सक्नेछ ।
३. यसरी शिक्षक सरुवा सिफारिस गर्दा समान तहका र विद्यालयको आवस्यकता अनुसार विषय मिल्ने देखिएमा स्थायी अस्थायी वा करार वा राहत शिक्षकलाई पनि सोही प्रकृतिको दरवन्दीमा पारस्परिक सरुवा गर्न सकिनेछ तर शिक्षकको सरुवा पदस्थापन भएको सामान्यतया १ वर्ष सम्म गरिने छैन ।
४. तर दरवन्दी मिलान गर्दा वा विशेष कारणवस कुनै शिक्षकलाई कुनै विद्यालयवाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा एक वर्ष सेवा अवधि पुरा नभएको भएतापनि कारण खुलाई यस दफा वमोजिम सरुवा गर्न वाधा पर्ने छैन ।
५. नगर शिक्षकको हकमा नगर शिक्षा समितिले रिक्त दरवन्दी वा विषय मिल्ने देखिएमा नगर क्षेत्र भित्रका विद्यालयहरुमा सरुवा गर्न सक्नेछ ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुने**

१. सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्वन्धी काममा वाहेक अन्य काममा लगाउनु हुदैन ।
२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा वाधा नपर्ने गरि राष्ट्रिय जनगणना निर्वाचन सम्वन्धी काम प्राकृतिक प्रकोप उद्धार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सक्नेछ ।

**३८.अदालतको आदेशवाट पुनःवहाली हुन सक्ने**

१.विभागीय सजाय भई नोकरीवाट हटाइएको वा वर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला वमोजिम मात्र नोकरीमा पुनःवहाली हुन सक्नेछ ।

२. उपदफा १ वमोजिम पुनः वहाली भएको शिक्षकले नोकरीवाट हटेदेखी पुनः वहाली भएको मितिसम्मको पुरा तलव भत्ता र तलव वृद्धि पाउने भए सो समेत पाउने छ ।

३. द्वन्द्वको कारणवाट विस्थापित भएका शिक्षकहरुको पुनःवहालीको व्यवस्था संघीय सरकारले गरे वमोजिम हुनेछ ।

**३९.दरवन्दी मिलान**

१.नगर क्षेत्र भित्रका विद्यालयहरुमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा वढि दरवन्दी भएको विद्यालयवाट कम दरवन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले आवश्यक परेमा दरवन्दी मिलान गर्न सक्नेछ । तर संघीय ऐन मुताविक न्यूनतम दरवन्दी पुरा गर्न नगरपालिकावाट दरवन्दी सिर्जना गर्न सक्नेछ ।

२. विद्यार्थी शिक्षक अनुपात संघीय शिक्षा ऐन नियमावली अनुसार हुनेछ ।

**४०) तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

दफा ३८ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ वसेको अवस्थामा वाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधीको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**४१. संस्थागत विद्यालयको हकमा लागु नहुने**

यस ऐनमा लेखिए देखि वाहेक दफा १३, २७, ३३, ३६, ३८ र ३९ मा उल्लेखित व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागू हुने छैन । दफा २७ वमोजिम कुनै विद्यालयलाई एक स्थानवाट अर्को स्थानमा सार्ने सम्वन्धी व्यवस्था संस्थागत विद्यालयको हकमा लागू हुने छ । संस्थागत विद्यालयको नाम परिवर्तन गर्ने सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४२. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशत नघट्ने गरी तोकिए वमोजिम विपन्न अपाङ्ग महिला दलित वा जनजाती विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२. उपदफा १ वमोजिम छात्रवृतिको लागि विद्यार्थी छनोट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, शिक्षा समितिको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रहेको एक छात्रवृति छनोट समिति रहनेछ ।

३. उपदफा १ वमोजिम छात्रवृतिका लागि विद्यार्थी छनोट गर्ने आधार तोकिए वमोजिम हुनेछ ।

**४२. नगर शिक्षक तथा कर्मचारी सम्वन्धी व्यवस्था**

१.सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे वमोजिमको संख्यामा नगर शिक्षक तथा कर्मचारीको दरवन्दी रहने छ ।

२. उपदफा १ वमोजिमका शिक्षक तथा कर्मचारीको नियूक्ति सेवाको शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४३. वालवालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**

१. कुनै पनि वालवालिकालाई विद्यालय वाट निष्कासन गर्न पाइने छैन ।

२. विद्यालयमा अध्ययनरत वालवालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्वव्यवहार गर्न पाइने छैन ।

३. उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि विद्यालय हाताभित्र विद्यालय आचारसंहिता विपरित हाततियार लिएमा, लागू पदार्थ, मध्यपान धुमपान सेवन तथा विक्रि गरेको पाइएमा नैतिक पतन

हुने क्रियाकलापमा संलग्न भएको पुष्टी भएमा त्यस्ता विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिको निर्णयमा प्रधानाध्यापकले आवश्यक कारवाही गर्न सक्नेछ ।

**४४. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स संचालन गर्न नहुने**

कसैले यस ऐन वमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, कोचिङ कक्षा, वृज कोर्स, भाषा शिक्षण कक्षा वा पुर्व तयारी कक्षा वा विदेशी मुलुकमा संचालित कार्यक्रम संचालन गर्न पाइने छैन ।

**४५. प्रगति विवरण वुझाउनु पर्ने**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए वमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा अनिवार्य रुपले वुझाउनु पर्नेछ ।

**४६.दण्ड सजाय**

१. कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने व्यक्तिले विगो असुल गरी विगो वमोजिम जरीवाना गर्न सक्नेछ ।

क) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी १ लाखको विगो सम्म जरीवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

अ) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

आ) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाहि वा गैर जिम्मेवारी पूर्ण कार्य गरेमा,

इ) परीक्षा केन्द्रमा सम्वन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्ने प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परिक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ई) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

उ) अर्काको तर्फवाट परिक्षा दिएमा,

ऊ) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

ऋ) विद्यार्थी भर्ना गर्दा दान उपहार वा कुनै रकम लिएमा,

ए) अनुमति नलिई शैक्षिक कार्यक्रम शैक्षिक परामर्श सेवा वृज कोर्स, कोचिङ कक्षा, भाषा शिक्षण तथा पूर्व तयारी कक्षा संचालन गरेमा ।

ख. उपदफा १ र १(क) वमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङगो नलागे सम्म निलम्वन हुने छ । सो शिक्षक वा कर्मचारी अदालतवाट कसुरदार ठहरीएमा निजलाई यस ऐन वमोजिम विभागीय सजाय गरिनेछ ।

२) उपदफा १ र १ को (क) मा लेखिए देखि वाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत वनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहायवमोजिम सजाय गर्न सक्नेछ ।

क) विद्यालयका शिक्षक तथा कर्मचारीलाई विभागीय सजाय गर्ने,

ख) विद्यार्थीलाई विद्यालय वा छात्रवास वा परीक्षावाट निष्कासन गर्ने,

ग) कसुरको मात्रा हेरी रु. १ हजार देखि रु. २५ हजारसम्म जरिवाना गर्ने,

घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा वन्द गर्ने,

ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

३) सम्पत्ति सम्वन्धी मुद्धा तहकिकात र दायरी

१) दफा ४६ को उपदफा १ वमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्धाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पुरा गरी मुद्धा हेर्ने अधिकारी समक्ष सम्वन्धित विद्यालयको नामवाट मुद्धा दायर गर्नेछ ।

२) उपदफा १ वमोजिम मुद्धा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकिलको राय सल्लाह लिन सक्नेछ ।

४) मुद्धा हेर्ने अधिकारी

दफा ४६ को उपदफा १ वमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्धामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १७ को उपदफा (२) वमोजिम हुनेछ ।

५) नगरपालिका वादी हुने

क. दफा ४६ को उपदफा १ (क) वमोजिमको मुद्धामा नगरपालिका वादी हुनेछ ।

ख. दफा ४६ को उपदफा १(क) वमोजिमको मुद्धा सरकारी मुद्धा सम्वन्धी ऐनमा समावेश भएको मानिने छ ।

ग. पुनरावेदन

अ) दफा ४६ को उपदफा ४ वमोजिम गरेको सजायको आदेश उपर प्रचलित कानुन वमोजिम हुनेछ ।

आ) दफा ४६ को उपदफा ४ वमोजिम तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएको अधिकारी समक्ष पुनरावेदन लानेछ ।

**४७. शिक्षकको नियूक्ति तथा वढुवा**

१. शिक्षकको स्थायी नियूक्ति र वढुवा सम्वन्धी व्यवस्था संघीय कानुनले तोकेवमोजिम हुनेछ ।

२. नगरपालिका भित्रका विद्यालयमा रिक्त शिक्षक, वालविकास सहजकर्ता, तथा विद्यालय कर्मचारी र कार्यालय सहयोगीको करार र राहतमा पदपूर्ति सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४८. प्रधानाध्यापकको योग्यता/नियुक्ति, काम, कर्तव्य, अधिकार र सुविधा** १. प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञीक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरवन्दी नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

२. प्रधानाध्यापकको योग्यता नियूक्ति, काम, कर्तव्य, अधिकार र सुविधा सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**४९) खेलकुदः**

१. नगर क्षेत्रका विद्यालय सहभागी गराई प्रतियोगितात्मक खेलकुद सञ्चालन गर्न नगर शिक्षा अधिकारी/नगर शिक्षा शाखा प्रमुखको संयोजकत्वमा एक खेलकुद सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

२. उपदफा १ वमोजिमको समितिको गठन, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

**५०. नियम, निर्देशिका र कार्यविधि वनाउने अधिकार**

१. यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले अन्य विषयको अतिरिक्त देहायका विषयहरुमा आवश्यक नियम, निर्देशिका, कार्यविधि वनाउन सक्नेछ ।

क) विद्यालयको नामाकरण, झण्डा, चिन्ह र प्राथना

ख) विद्यालयलाई दिइने अनुदान र छात्रवृति

ग) परीक्षा संचालन र व्यवस्थापन

घ) अतिरिक्त तथा सहकार्यकलाप

ङ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरीका र संख्या

च) छात्रवासको अनुमति, स्वीकृति र संचालन

छ) विद्यालयको आय व्यय जाँच, सामाजिक परीक्षण

ज) विद्यालयको वहि किताब र अन्य कागजात तयार गर्ने र राख्ने तरीका

झ) शिक्षक, अभिभावक र विद्यार्थीको आचार संहिता

ञ) विद्यालयको पुस्तकालय र वाचनालय

ट) सह शिक्षा
ठ) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम
ड) सहकारी शिक्षा
ढ) आवासिय विद्यालय सम्वन्धी
ण) विद्यालय नक्साङ्कन, सार्ने, गाभ्ने वा अनुमति स्वीकृति सम्वन्धी
त) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
थ) दूरशिक्षा तथा खुला शिक्षा
द) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा
ध) विद्यार्थी प्रोत्साहन तथा छात्रवृति
न) स्थानीय पुस्तकालय, वाचनालय र सिकाइ केन्द्र सम्वन्धी
प) शिक्षक तथा कर्मचारीको तालिम सम्वन्धी
फ) स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्वन्धी
ब) शैक्षिक पुर्वाधार निर्माण मर्मत संभार संचालन र व्यवस्थापन
भ) नमुना विद्यालय सम्वन्धी मापदण्ड
म) ऐनमा उल्लेखित अन्य विषयहरु
य) खुला शिक्षा
र) शिक्षा शाखा कर्मचारी व्यवस्थापन
ल) विद्यालय खाजा व्यवस्थापन
व) निःशुल्क शिक्षा
स) नगर शिक्षा परिषद् गठन सम्वन्धी
ष) संक्रमणकालिन व्यवस्था
श) शिशु स्याहार कक्षा
ह) प्रविधिमैत्री शिक्षा

**५१) निर्देशिका बनाउन सक्ने**

यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

**५२) खारेजी र वचाउ**

स्वर्गद्वारी नगरपालिका शिक्षा ऐन, २०७९ लागु हुनु पूर्व शिक्षा सम्वन्धी भए गरेको सम्पुर्ण काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिनेछ। यो ऐन संघीय र प्रादेशिक कानुनसंग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले
तुल्सीराम गैरे
प्रमुख प्रसाशकीय अधिकृत